प्रदेश सरकार
लुम्बिनी प्रदेश
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
बुटवल, रुपन्देही

माननीय मुख्यमन्त्रीज्यूको अध्यक्षतामा मिति २०७७/०७/०५ मा बसेको प्रदेश कोरोना संकट व्यवस्थापन केन्द्रका निर्णयहरुः-

१) लक्षण देखिएका संकास्पद बिरामीहरुको निःशुल्क PCR परीक्षणको व्यवस्था गर्ने । त्यस्ता बिरामीहरुलाई अनिवार्य परीक्षणको दायरामा ल्याउने । आफ्नै खर्चमा आफ्नो सुरक्षाको लागि परीक्षण गर्न चाहने व्यक्तिलाई सःशुल्क परीक्षणको व्यवस्था गर्ने । परीक्षणको नतिजा प्रयोगशालाहरुले अनिवार्य रुपमा DCCMC लाई गराउने । DCCMC ले त्यस्तो नतिजालाई व्यक्तिगत गोपनियता रहने गरि सम्बन्धित स्थानीयतहलाई गराउने । यसको लागि आवश्यक ब्यवस्था तथा संयोजन सामाजिक विकास मन्त्रालयले मिलाउने ।

२) सबै कोभिड विशेष अस्पतालमा HDU क्षमता विस्तार गर्ने ।लुम्बिनी प्रादेशिक अस्पताल अन्तर्गत बुटवल धागो कारखाना कोभिड विशेष अस्पतालमा अघिल्लो निर्णयानुसार तत्काल ICU र HDU सेवा विस्तार गर्ने । अन्य सबै जिल्ला अस्पतालहरुमा अन्य सेवा प्रभावित नहुने गरि र मौजुदा दरवन्दी र जनशक्तिबाट संचालन गर्ने गरि ५ बेड सम्म क्षमताको HDU सेवा संचालन गर्ने ।HDU सेवा स्थापना गर्दा लाग्ने खर्च केन्द्र सरकारबाट प्राप्त भएको सहयोग/अनुदानलाई परिचालन गर्ने र नपुग रकम प्रदेश सरकारसंग माग गर्ने गरि तत्काल व्यवस्था मिलाउने । जिल्ला भित्रका लक्षण भएका बिरामीहरुलाई त्यहि अस्पतालमा नै आवश्यक उपचारको व्यवस्था मिलाउने । गंभिर र जटिल अवस्थाको बाहेक Mild Condition का संक्रमितलाई रिफर नगर्ने । यसको आवश्यक व्यवस्था सामाजिक विकास मन्त्रालयले मिलाउने ।

३) लक्षण सहितका विरामीहरुको उपचार कोभिड विशेष अस्पताल र अन्य सरकारी अस्पतालमा निःशुल्क गर्ने । यसरी उपचार गर्दा लाग्ने खर्च सङ्क्रमित बिरामीको विमा गरेको भए सो बाट व्यहोर्ने र विमा रकम भन्दा बढि खर्च भए पनि निःशुल्क गर्ने ।यसको आवश्यक संयोजन सामाजिक विकास मन्त्रालयले मिलाउने ।

४) संभावित उच्च सङ्क्रमणबाट जोगिन अस्पतालमा कार्यरत डाक्टर लगायत स्वास्थ्य कर्मीहरुको निश्चित समयावधि भित्र लक्षण नभएपनि कोभिड जाँचको व्यवस्था सहितको आवश्यक योजना सामाजिक विकास मन्त्रालयले तयार गरि लागु गर्ने ।

५) होम आईसोलेशनमा बस्ने सङ्क्रमितहरुलाई नियमित निगरानीमा राख्ने गरि स्वास्थ्यकर्मी सहित जनप्रतिनीधिको टोली निर्माण स्थानीयतहले गर्ने । होम आईसोलेशनमा बस्नेको

स्वास्थ्य अवस्था, प्रयोगशाला परीक्षण, स्वास्थ्य सुरक्षा मापदण्ड, आकस्मिक उद्धार लगायतको व्यवस्था र आवश्यक तथ्याङ्क नियमित रुपमा गर्ने । यसको आवश्यक संयोजन र समन्वयको व्यवस्था सम्बन्धित प्रमुख जिल्ला अधिकारीले मिलाउने ।

६) क्वारेन्टाईन र आईसोलेशन सेन्टरको निर्माण, व्यवस्थापन र संचालन आवश्यकता अनुसार सम्बन्धित पालिकाले नै गर्ने । क्वारेन्टाईनलाई क्रमशः आईसोलेशन सेन्टरमा रुपान्तरण गर्दै जाने । क्वारेन्टाईन बस्नुपर्ने भए होम क्वारेन्टाईनको प्रबन्ध गर्ने र यसको नियमित निगरानी र अनुगमनको व्यवस्था सम्बन्धित पालिकाले मिलाउने । विद्यालयमा रहेका क्वारेन्टाईनलाई क्रमशः खाली गर्दै जाने र आवश्यकता अनुसार क्वारेन्टाईन तथा आईसोलेशन सेन्टरको लागि सामुदायिक भवनहरुलाई उपयोग गर्ने ।

७) कोभिडको बढ्दो संक्रमणलाई मध्यनजर राख्दै मित्रराष्ट्र भारत संग आवत जावत गर्न तोकिएको सिमा नाका मात्र व्यवस्थित रुपमा संचालन गर्ने । तोकिएको नाकाबाट पनि चाडपर्व लगायतका कारण हुने छोटो अवधिको आवतजावतलाई बन्देज गर्ने । अन्य नाका तथा स्थानबाट लुकीछिपी हुने आवतजावतलाई नियन्त्रण गर्ने व्यवस्था प्रमुख जिल्ला अधिकारीले मिलाउने ।

८) कोभिड सङ्क्रमणबाट बढ्दो मृत्युदरको बारेमा अध्ययन अनुसन्धान गर्न सामाजिक विकास मन्त्रालयले आवश्यक टिम बनाई खटाउने र कारण तथा तथ्यहरु पत्ता लगाई आवश्यक कार्ययोजना बनाउने ।

९) सार्वजनिक र निजी संस्थाहरु, सार्वजनिक स्थल, र सार्वजनिक यातायात लगायतको स्थानमा सम्भावित कोभिड संक्रमणको जोखिमबाट बच्न, स्वास्थ्य सुरक्षा मापदण्डको पालना गर्न, मास्क लगाउने, सेनिटाईजर र साबुन पानीको अनिवार्य व्यवस्था सम्बन्धित संस्थाहरुले गर्ने । यसको परिपालना गराउने र अनुगमनको व्यवस्था सम्बन्धित जिल्ला प्रशासन कार्यालयले गर्ने ।

१०) सार्वजनिक यातायातमा अनिवार्य स्वास्थ्य मापदण्ड लागु गर्ने । स्वास्थ्य तथा सुरक्षा मापदण्ड लागु गरे नगरेको बिषयमा शुरुवाती प्रस्थान बिन्दु, यात्रु चढाउने र ओराल्ने बिन्दुमा प्रभावकारी अनुगमनको व्यवस्था नेपाल प्रहरीले गर्ने ।विभिन्न इच्छुक सहयोगी संस्थाहरुलाई सार्वजनिक स्थल तथा सार्वजनिक यातायात सेवामा स्वास्थ्य सुरक्षा सामाग्री वितरण तथा सचेतनाको कार्य गर्न आवश्यक मापदण्ड बनाई प्रमुख जिल्ला अधिकारीले परिचालन गर्ने ।

प्रदेश सरकार
लुम्बिनी प्रदेश
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
मुकाम बुटवल, नेपाल

११) कोभिड-१९ को बढ्दो संक्रमण र उच्च जोखिमबाट बाँच्नको लागि सुचना तथा सचेतनामुलक प्रचार प्रसारको कार्य सम्बन्धित स्थानीय तहहरुले टोल-टोल र बस्तीस्तर सम्मै गर्ने । प्रदेशस्तरमा आन्तरिक मामिला तथा कानून मान्त्रालयले आवश्यक व्यवस्था मिलाउने । सामाजिक विकास मन्त्रालयले आवश्यक सचेतना र सुचना प्रवाहको लागि विद्यालय शिक्षकहरुलाई विद्यालय सेवा क्षेत्र भित्र परिचालन गर्ने ।

१२) स्वास्थ्य सुरक्षा मापदण्डको अनिवार्य प्रयोग सहित घर-घरमा नै धार्मिक तथा साँस्कृतिक चाडपर्व मनाउन जनचेतनामुलक कार्यक्रम र खोई मास्क लगायतको अभियान सम्बन्धित स्थानीय तहले संचालन गर्ने ।

१३) कोभिड सङ्क्रमितको उपचार पद्दती प्लाज्मा थेरापी को लागि रगत संकलन (Blood Donation) गर्ने व्यवस्था ४ वटै कोभिड विशेष अस्पतालहरुमा बिकास गर्ने । कोभिड सङ्क्रमित बिरामीको उपचारमा प्रयोग हुने रेम्डिसिभिर लगायतको औषधी निश्चित संख्यामा खरिद गरि सञ्चितको व्यवस्था र प्रयोग ४ वटै कोभिड अस्पतालबाट गर्ने गरि सामाजिक विकास मन्त्रालयले आवश्यक व्यवस्था मिलाउने ।

१४) कोभिड सङ्क्रमणबाट मृत्यू भएका मृतकको शव व्यवस्थापनको लागि यस पहिले भएका निर्णय अनुसार कार्यान्वयनको आवश्यक व्यवस्था प्रमुख जिल्ला अधिकारीले मिलाउने ।